# बिपन्न, गरिब कृषकहरुको लागि स्वरोजगारमूलक विशेष कार्यक्रम, कार्यान्वयन कार्यविधि, २०७६

**<u>प्रस्तावना</u>:** कृषि अर्थतन्त्रले समग्र देशको अर्थतन्त्रलाई महत्वपूर्ण योगदान पुर्याएको छ। कृषि गणना अनुसार ३८ लाख भन्दा धेरै कृषक घरधुरी रहेको तथ्याङकले करिबसाठी प्रतिशत घरधुरी कृषकको भएको देखिन्छ । खेती योग्य जग्गाको आकारको आधारमा स्वामित्वको विविधता रहेको छ । यस अवस्थामा अधिकांश कृषि पेशामा संलग्न रहेको कम जग्गा भएका विपन्न, गरिब कृषकलाई कृषिमा थप आम्दानी हुने अवस्था सृजना गरी रोजगारीको अवसर सिर्जना गर्न, कृषकस्तरबाट आएका उप–उत्पादन तथा खेर गएका (Waste Material) वस्तुहरुलाई उपयोग गरी रोजगार मूलक कृषि कार्यमा संलग्न गराई गरीवी निवारण तथा खाद्य सुरक्षामा सहयोग पुर्याउनुको लागि प्रदेश सरकारबाट विनियोजन भएको आर्थिक बर्ष २०७५।०७६ को बजेट कार्यकमको कार्यान्वयन गर्न वाञ्छनीय भएकोले प्रदेश नं. दुई को प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

## <u>परिच्छेद-१</u>
## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस कार्यविधिको नाम"विपन्न, गरिब कृषकहरुको लागि स्वरोजगार मूलक विशेष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मिति देखि लागु हुने छ ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "विपन्न, गरिब कृषक" भन्नाले नेपाल सरकारले निश्चित मापदण्ड अन्तर्गत समय समयमा तोकेको राष्ट्रिय वा क्षेत्रगत गरिबीको रेखामुनि रहेको शिक्षा, स्वास्थ्य जस्ता मानव विकासका सुचाङ्कहरुको आधारमा पिछिडिएका, निश्चित लिंग तथा सामाजिक समूहको आधारमा राष्ट्रिय विकास प्रक्रियाको मुल प्रवाहमा समावेश हुन नसकेका र स्थानिय तहले गरिब भनि सिफारिस गरेका व्यक्ति वा समूहलाई सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले गरिबी परिचय पत्र वितरण गरेको अवस्थामा सो परिचयपत्र प्राप्त गरेका परिवारको सदस्यलाई समेत जनाउँछ।

(ख) "लक्षित कार्यक्रम" भन्नाले विपन्न, गरिब कृषकहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी रोजगार सिर्जना गर्ने प्रविधि, तालिम तथा उत्पादन सामग्री एवं बजारीकरणको लागि सेवा, टेवा प्रदान गर्ने कार्यकम सम्झनु पर्छ र सो शब्दले तरकारी खेती, मौरीपालन र च्याउ खेती उत्पादन भन्ने समेत जनाउछ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं.२ जनकपुरधाम, धनुषा

(ग) "समिति" भन्नाले दफा ८ बमोजिमको समिति सम्झनु पर्छ ।

(घ) "संयोजक" भन्नाले सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र प्रमुख बाट तोकिएका अधिकृत भन्ने सम्झनु पर्छ ।

(ङ) "केन्द्र" भन्नाले " कृषि ज्ञान केन्द्र" सम्झनु पर्छ ।

३. **उद्देश्य:** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ:

(क) कृषि उद्यमको माध्यमबाट स्थानिय स्तरमा रोजगारीको अवसर सृजना गर्न सहयोग गर्ने।

(ख) गरिब विपन्न कृषकहरुमा कृषि उद्यमशीलताको विकास गरी आय आर्जनमा सहयोग गर्ने।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालन विधि

४. **कार्यक्रम संचालन:-** लक्षित कृषकहरुले देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्न सक्नेछन् :

क) व्यवसायिक तरकारी उत्पादन कार्यक्रम,
ख) मौरीपालन कार्यक्रम,
ग) च्याउ उत्पादन कार्यक्रम,
घ) प्रङ्गारिक मल/गड्यौला मल उत्पादन,
ङ) Seed cycleपुरा गराउने विऊ व्यवसाय संचालन,
च) पुष्प उत्पादन/प्रर्वद्वन सहयोग ।

५. **कार्यक्रम छनौटका आधारहरु:** कार्यक्रम छनौट गर्दा देहायका आधारहरुलाई ध्यान दिइनेछ:

(क)लक्षित कृषकले कार्यक्रम संचालन गर्ने स्थल, प्राविधिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनु पर्ने छ।

(ख) कार्यक्रमको लागि जमिन आफ्नै वा भाडामा लिएर गर्न सकिने छ।

(ग) छनौट भएका कार्यक्रमहरु एक वा चालु आर्थिक बर्ष भित्र पुरा हुनु पर्नेछ ।

६. **कार्यक्रम संयोजक र निजको दायित्व:** (१) लक्षित कार्यक्रमको लागि केन्द्रका प्रमुखले कुनै एक अधिकृतलाई संयोजक तोकि जिम्मेवारी दिनु पर्नेछ ।

(२) संयोजकले जिल्लामा देखिएका समस्या हेरी सम्बन्धित विषय विशेषज्ञ र स्थानिय निकायको कृषि इकाईको सहयोगमा निरिक्षण, अनुगमन, समस्या समाधान जस्ता कार्यहरु गर्नु पर्नेछ।

(३) प्रत्येक कार्यक्रम सम्बन्धित भए गरेका कार्यहरुको अभिलेख राख्नु पर्नेछ ।

७. **लक्षित कार्यक्रम सञ्चालन प्रकृया:** (१) केन्द्रले कार्यक्रम सञ्चालन गर्दा अपनाउनु पर्ने आधार तथा कार्यविधिका सम्बन्धमा स्थानिय पत्र पत्रिका तथा एफ.एम बाट अनुसुची १ बमोजिमको सूचना प्रवाह गराउनु पर्नेछ ।

(२) लक्षित कार्यक्रम सञ्चालनको लागि लक्षित वर्गबाट अनुसुची-२ बमोजिमको ढाँचामा आसयपत्र संकलन गरिनेछ। संयोजकले सम्बन्धित लक्षित वर्गबाट मौखिक अनुरोधको आधारमा समेत आसय पत्र तयार गर्नको लागि सहजीकरण गरिदिनु पर्ने हुन्छ।

(३) केन्द्रले लक्षित कार्यक्रम बारे संकलित आसय पत्रको आधारमा आयोजना छनौट प्रक्रिया अगाडि बढाउदा अनुसुची-३ मा उल्लेखित सुचकहरुको आधारमा मूल्याङ्कन गरी स्थलगत प्रतिवेदन तयार गरी मूल्याङ्कन समिति समक्ष पेश गर्नु पर्ने छ। मूल्याङ्कन समिति बाट छनौट भई सके पछि अनुसुची-४ बमोजिम सम्झौता गरी कार्यक्रम संचालन गराईनेछ।

८. **मूल्याङ्कन समिति** :- कार्यक्रम छनौटको लागि देहाय बमोजिम एक मूल्यांकन समिति रहनेछ:

क) प्रमुख, केन्द्र -संयोजक
ख) अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समिति-सदस्य
ग) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय-सदस्य
घ) स्थानिय गैरसरकारी संस्था -सदस्य
ङ) कृषि अर्थ विज्ञ वा अन्य अधिकृत केन्द्र .-सदस्य सचिव

९. **अनुदान सहयोग रकम उपलब्ध गराउने प्रक्रिया** : (१) देहायको कार्यक्रमहरु निम्न बमोजिम सञ्चालन गर्नु पर्नेछ:

(क) तरकारी खेती गर्ने लक्षित कृषकले कम्तीमा १० कठ्ठा जग्गामा दुई मौसमको वाली लगाउनु पर्नेछ र तरकारी खेती गरी सो को बजारिकरण गर्नु पर्ने छ । आफ्नो जग्गा नभएमा भाडामा जग्गा लिई खेती गर्न सकिनेछ ।

(ख) च्याउ खेती गर्दा लक्षित कृषकले १४x२२ फिटका दरले ४ वटा टहरा स्थानिय स्रोत साधनको सहयोगले निर्माण गरी च्याउ उत्पादन कार्य गरी सो को बजारीकरण गर्नु पर्नेछ।

(ग) मौरी पालन गर्ने कृषकले २० वटा गोला सहितका मौरी घार राखि मह उत्पादन गरी बजारीकरण गर्नु पर्नेछ।

(घ) पुष्प उत्पादन/प्रर्वद्वन सहयोग गर्न लक्षित कृषकले कम्तीमा १० कठ्ठा जग्गामा पुष्प वाली लगाउनु पर्नेछ र सो को बजारिकरण गर्नु पर्ने छ।

(ङ) प्रङ्गारिक मल/गड्यौला मल उत्पादन गर्न प्राविधिकले तयार गरेको डिजाइन तथा लागत अनुमानको आधारमा स्थानीय स्रोतसाधनको सहयोगले निर्माण गरी मल उत्पादन कार्य गरी सो को बजारीकरण गर्नु पर्ने छ।

(च) Seed cycleगर्न जिल्लामा संचालन भएको विज बृद्धि कार्यकम अन्तर्गत उत्पादन भएका बिउ खरिद गरी सुरक्षित तथा संरक्षित गरी पुन केन्द्रको प्रत्यक्ष निर्देशन तथा सुपरभिजनमा विकी वितरण गर्नु पर्ने छ।

(२) उपदफा (१) बमोजिम छनौट भएका स्किम संचालन गर्न लाग्ने उत्पादन तथा बजारिकरण सामग्री र प्रचलित कानुन वमोजिमको प्रचलित दर रेट अनुसार लागत अनुमान स्वीकृत गरी लागत अनुमानको पचास प्रतिशत वा बढीमा पचास हजार रुपैयाँसम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

(३) अनुदान रकम दुई किस्तामा उपलब्ध गराईने छ। पहिलो किस्ता पेश्किको रुपमा र अर्को किस्ता स्किम अनुसारको कार्य सम्पन्न भई सके पछि भुक्तानी दिईनेछ।

(४) अनुदान रकम सम्बन्धित कृषकको बैक खातामा जम्मा गरिनेछ।

(५) कार्यक्रम सञ्चालन वापत पाच प्रतिशत कन्टीजेन्सी रकम कार्यालयले कट्टा गर्नेछ।

१०.**कार्य सम्पन्न प्रतिवेदनः** कार्यक्रम सम्पन्न भई सकेपछि सम्बन्धित कार्यक्रम संयोजकले तोकिएको ढाँचा बमोजिम कार्य सम्पन्न प्रतिवेदन केन्द्रमा पेश गर्नु पर्ने छ । केन्द्रले जिल्लामा संचालित यस्ता लक्षित कार्यक्रमको प्रगति कम्पाईल गरी मासिक, चौमासिक र वार्षिक रुपमा प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित कृषि विकास निर्देशनालयलाई पेश गर्नु पर्ने छ।

## परिच्छेद-३
## विविध

११.**अनुगमन तथा मूल्याङ्कन व्यवस्थाः** भूमि व्यवस्था ,कृषि तथा सहकारी मन्त्रालय , कृषि विकास निर्देशनालयबाट आवश्यकता अनुसार र केन्द्रबाट नियमित अनुगमन गरिनेछ। अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन सम्बन्धित केन्द्रमा अनिवार्य रुपमा पेश गर्नु पर्ने छ।

१३.**विमाः** लक्षित कार्यक्रमको सम्भाव्यताको आधारमा विमा गराउनु पर्ने छ ।

१४. **प्रचलित कानुन लागु हुनेः** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

१५.**कार्यविधि संशोधनः** मन्त्रालयको सिफारिशमा प्रदेश सरकारले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ ।

प्रदेश नं.२ जनकपुरधाम, धनुषा

अनुसूची-१

(दफा७ को उपदफा (क) सँग सम्बन्धित)

लक्षित कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

सुचना । सुचना ॥ सुचना ॥।

यस कार्यालयलकोआ.व. २०..../..... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि सम्बन्धी व्यवसायिक कार्यक्रमबाट स्थानीयस्तरमा रोजगारी तथा खाद्यसुरक्षा प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक महानुभावहरुद्धारा दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिल बमोजिमको कागजातहरु तयार गरी पेश गर्नु होला।
पूनश्चः आसय पत्र तयारीमा कुनै कठिनाई भएमा कार्यालयबाट प्रस्तुत कार्यक्रम हेर्ने संयोजकले आवश्यक सहजीकरण गर्नुहुने व्यहोरा समेत यसै सूचनाद्धारा सूचित गरिन्छ।

तपशिल

१. अनुसूची २ बमोजिमको आसयपत्र ।

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

३. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदी) को प्रतिलिपिहरु ।

४. जग्गा धनि प्रमाण पूर्जा वा भाडामा जग्गा लिएको भए सम्झौता पत्र ।

अनुसूची-२
(दफा७ को उपदफा (ख) सँग सम्बन्धित)
आसयपत्र/संक्षिप्त कार्य योजना

निवेदक कृषकको नाम थर :
ठेगाना : ........................ गाउँ/टोल : .................. वार्ड नं. : ......... स्थानिय तह : ..........................
जिल्ला : ...............................
संचालन गर्न खोजेको ....................... सम्बन्धि व्यवसाय र स्थान :
सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी :
आफ्नो लगानी :
आफ्नो पारिवारिक श्रम :
व्यवसायबाट उत्पादन हुने बस्तु :
उत्पादित कृषि बस्तुको परमाण :
बजारयोग्य परिमाण :
व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन ?
फर्म/समूह/समिति/सहकारीको नाम : सम्पर्क नम्बर:
ठेगाना: गाउँ/टोल वडा नं. स्थानीय तह जिल्ला
व्यवसाय संचालन गरिने स्थान :
संचालन गरिने कार्य विवरण:

| क.सं. | संचालन गरिने कियाकलाप | अनुदान सहयोग | निजी लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

व्यवसाय गरेको भए, विगत कति वर्ष देखि .......... निरन्तर गरि रहेको ?वर्ष ......... महिना ..........
व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारिक ख) बाहिर बाट ग) दुवै
तर्फ बाट सहि गर्नेको
नाम : संस्थाको छाप: (संस्थाको हकमा)
पद :
दस्तखत : मिति :

अनुसूची-३

(दफा ७ को उपदफा खण्ड (ग) सँग सम्बन्धित)

आसयपत्र मूल्यांकन फारम

| क.सं. | मूल्यांकन आधार | अधिकतम अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | व्यवसाय प्रतिको अनुभव/तालिम | २० | |
| | सम्बन्धित विषयमा तालिम लिएको | २० | |
| | सम्बन्धित विषयमा तालिम नलिएको | १० | |
| २ | सामूहिक खेती | २० | |
| | सामूहिक खेती (२ वा २ भन्दा बढि) | २० | |
| | एकल खेती | १० | |
| ३ | व्यवसायिक/स्वरोजगार सम्भावना | २० | |
| | स्वरोजगार हुने सम्भावना भएको | २० | |
| | स्वरोजगार हुने सम्भावना कम भएको | १० | |
| ४ | दिगोपना | ३० | |
| | आर्थिक र प्राविधिक रुपले दिगोपना भएको | ३० | |
| | आर्थिक र प्राविधिक रुपले कम दिगोपना भएको | १० | |
| ५ | हाल सम्म सेवा पाएको/नपाएको | १० | |
| | कृषि विकास मन्त्रालयको कुनै पनि निकायबाट सेवा/ अनुदान नपाएको | १० | |
| | कृषि विकास मन्त्रालयको कुनै पनि निकायबाट सेवा/ अनुदान पाएको | ५ | |

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मिति :

१.
२.
३.
४.
५.

अनुसूची-४

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

सम्झौता-पत्र (नमुना)

कृषि ज्ञान केन्द्र .......... मार्फत संचालन गरिने चालु आ.व. .................... को स्वीकृत लक्षित कार्यक्रम संचालन गर्न कृषि ज्ञान केन्द्र .......... (यस भन्दा पछाडि पहिलो पक्ष भनिने) विशिष्टताको आधारमा छनौट भएका कृषक श्री/सुश्री/श्रीमती ................................................ (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपशिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि आसयपत्र अनुसार २ किस्तामा सामग्री वा *A/C* पेय चेक मार्फत अनुदान स्वरुप उपलब्ध गराउने छ।
२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक प्राप्त गरी आफुले आवेदन गरे अनुसारको लक्षित व्यवसाय संचालन गर्नेछ।
३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछन्।
४. यस सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप/भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं आफै हुनेछ।
५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुने छ।

पहिलो पक्ष :दोश्रो पक्ष :
कृषि ज्ञान केन्द्रको तर्फबाट सहि गर्नेको
नाम : नाम :

| | |
|---|---|
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| कार्यालयको छाप : | औठाको छाप : |
| दायाँ बायाँ | |

सम्पर्क फोन नं. :

साक्षी :
संयोजक : श्री ................................
दस्तखत :
कार्यालयको छाप :